नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
**परीक्षा नियन्त्रण कार्यालय कक्षा १०**
सानोठिमी, भक्तपुर

# माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ मा समावेश हुनका लागि रजिस्ट्रेसन फाराम भर्ने भराउने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः२०८२।०१।१२

शैक्षिक सत्र २०८२ मा कक्षा १० मा साधारण, परम्परागत (संस्कृत/वेदविद्याश्रम/गुरुकुल/मदर्सा/गोन्पा) र प्राविधिक धारतर्फ नियमित रूपमा अध्ययनरत विद्यार्थीहरूले २०८२ सालको नियमित माध्यमिक शिक्षा परीक्षा (एसईई) मा समावेश हुनका लागि रजिस्ट्रेसन फाराम **२०८२ वैशाख १२ गतेदेखि २०८२ जेठ ११ गते**भित्र भर्ने भराउने कार्यका लागि सम्बन्धित सबै विद्यार्थी, विद्यालय, स्थानीय तहका शिक्षा महाशाखा/शाखा, शिक्षा विकास तथा समन्वय इकाइ र शिक्षा विकास निर्देशनालयको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

१. **विद्यालयहरूमा हाल कक्षा १० मा अध्ययनरत साधारण, परम्परागत तथा प्राविधिक धारतर्फका विद्यार्थीहरूका लागिः**
   (क) हाल कक्षा १० मा नियमित विद्यार्थीको रुपमा अध्ययनरत साधारण, परम्परागत र प्राविधिक धारतर्फ समेतका विद्यार्थीहरूले **अङ्काङ्कन पद्धतिमा कक्षा ८ वा सो सरहको वार्षिक परीक्षा उत्तीर्ण भएको हुनुपर्ने छ। साथै अक्षराङ्कन पद्धति** (२०७२ – २०७७) **का हकमा अनिवार्य विषयहरूमा न्यूनतम D+ ग्रेड, २०७८ र २०७९ सालमा न्यूनतम D ग्रेड प्राप्त र २०८० को** GPA **खुलेको ग्रेडसिट र** जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (प्रधानाध्यापकबाट प्रमाणित) संलग्न गरी विद्यालय पोसाकमा हालसालै खिचिएको पासपोर्ट साइजको फोटो निर्दिष्ट स्थानमा टाँसी **२०८२ वैशाख १२ गतेदेखि २०८२ जेठ ११ भित्र** राजस्वबापत रु. ३००।- र सो मिति भित्र रकम दाखिला गर्न नसक्ने विद्यार्थीहरूले २०८२ जेठ १२ गते देखि जेठ १८ गतेभित्र विलम्ब शुल्क समेत गरी रु. ६००।- सहित आफू अध्ययनरत विद्यालयमा बुझाउनुपर्ने छ।
   (ख) कक्षा ९ मा अन्य विद्यालयमा अध्ययन गरी विषय मिल्ने विद्यालयमा (नमिल्नेमा स्थानान्तरण गर्न नमिल्ने) स्थानान्तरण भएका विद्यार्थीको सम्पूर्ण विवरण अभिलेख राखी रजिस्ट्रेसन गर्नुपर्ने छ।
   (ग) विद्यालयहरूले आफ्नो विद्यालयमा नियमित रूपमा अध्ययनरत विद्यार्थीहरूको नामथर, जन्ममिति, आमा बाबुको नाम ठिकसँग भरे नभरेको रुजु गर्ने/गराउने र पछिसम्म फरक नपर्ने गरी प्रमाणित गरी **२०८२ जेठ २५ भित्र** राजस्व शुल्कको विवरणसहित उक्त फाराम सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमा बुझाइसक्नुपर्ने छ। उक्त दस्तुर **राजस्व शीर्षक नं. १४२२३** मा दाखिला गर्नुपर्ने छ।
   (घ) खुला तथा वैकल्पिक विद्यालय र अनौपचारिक प्रौढ विद्यालयका विद्यार्थीहरूले समेत सोही अवधिभित्र रजिस्ट्रेसन फाराम भर्नुपर्ने छ।

२. यो फाराम साधारण, परम्परागत तथा प्राविधिक धारतर्फका विद्यार्थीहरूले माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ मा समावेश हुनका लागि आफ्नो नाम दर्ता गर्ने प्रयोजनका लागि भरिने भएकाले यो फाराम नभर्ने विद्यार्थीहरूले उक्त सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा सामेल हुन पाउने छैनन्।

३. यसवर्ष गरिएको रजिस्ट्रेसन माध्यमिक तहसम्मका लागि हुने भएकाले रजिस्ट्रेसन फाराम भर्दा विद्यार्थीका नाम, थर (नेपाली/अङ्ग्रेजी) जन्ममितिलगायतका विवरण पछिसम्म फरक नपर्ने गरी यकिन गरेरमात्र भर्नुभराउनुपर्ने छ।

४. २०८२ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा समावेश हुने विद्यार्थी २०८२ चैत्र मसान्तसम्ममा १४ वर्ष पूरा भएको हुनुपर्ने छ।

५. शिक्षा विकास तथा समन्वय इकाइहरूले रजिस्ट्रेसन फारामका आवश्यक विवरणहरू **अनलाइन इन्ट्री तथा रुजु कार्य निम्नानुसारको कार्य तालिकाअनुसार सम्पन्न गर्नुपर्ने छ :**

| क्र. सं. | कार्य | समयावधि |
|---|---|---|
| १ | शिक्षा विकास तथा समन्वय इकाइले अनलाइन इन्ट्री गरी विद्यालयलाई रुजु गर्न पठाउने | २०८२ असार मसान्तसम्म |
| २ | विद्यालयले रुजु गरी शिक्षा विकास तथा समन्वय इकाइमा पठाउने | २०८२ श्रावण १५ सम्म |
| ३ | शिक्षा विकास तथा समन्वय इकाइले रजिस्ट्रेसन नं. कायम गर्न विद्यालयगत विवरण प.नि.का.मा उपलब्ध गराउने | २०८२ भाद्र १५ सम्म |
| ४ | प.नि.का.बाट कायम भएको रजिस्ट्रेसन नं. सहितको विवरण शिक्षा विकास तथा समन्वय इकाइले सम्बन्धित शिक्षा विकास निर्देशनालय, सम्बन्धित पालिका र सम्बन्धित विद्यालयमा पठाउने | २०८२ भाद्र मसान्तसम्म |

**नोटः**

- विद्यार्थीले रजिस्ट्रेसन फाराम भर्दा आफू नियमित रुपमा अध्ययन गरिरहेको विद्यालयबाट मात्र भर्नुपर्ने छ। एकभन्दा बढी विद्यालय/जिल्ला/स्थानबाट भरेको पाइएमा दुबैतर्फको फाराम स्वतः रद्द हुने छ। दोहोरो रजिस्ट्रेसन भर्ने भराउने कार्य नगर्नु नगराउनुहुन अनुरोध छ। यसका विपरीत कार्य गरेमा पछि परीक्षा रद्द हुने छ साथै त्यसो गर्ने गराउने व्यक्ति/संस्था स्वयम् जिम्मेवार हुनुपर्ने छ।
- विद्यार्थीले २ प्रति फाराम भर्नुपर्ने छ। फाराम भर्दा रजिस्ट्रेसन फाराममा रजिस्ट्रेसन नम्बर राख्ने ठाउँ हाललाई खाली गराउनुहुन अनुरोध छ। प.नि.का. बाट रजिस्ट्रेसन नम्बरसहितको स्लिप प्रिन्ट गर्न सकिने गरी शिक्षा विकास तथा समन्वय इकाइलाई सफ्ट कपी उपलब्ध गराइने छ। शिक्षा विकास तथा समन्वय इकाइले उक्त रजिस्ट्रेसन स्लिपको सफ्ट कपी विद्यालयबाट प्रिन्ट गर्न लगाई सम्बन्धित विद्यार्थीको फोटो टाँसी प्र.अ.बाट प्रमाणित गराई विद्यार्थीलाई उपलब्ध गराउनुपर्ने छ।
- **विद्यालयले रजिस्ट्रेसन फाराम राष्ट्रिय परीक्षा बोर्डको वेबसाइट www.neb.gov.np, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को वेबसाइट www.see.gov.np बाट डाउनलोड गरी प्रयोग गर्न सक्नुहुने छ।**

यससम्बन्धी सूचना एवम् जानकारी राष्ट्रिय परीक्षा बोर्डको वेबसाइट www.neb.gov.np, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को वेबसाइट **www.see.gov.np** वा सम्बन्धित शिक्षा विकास निर्देशनालयको वेबसाइटबाट प्राप्त गर्न सकिने छ। साथै सूचनासम्बन्धी कुनै द्विविधा भएमा परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को फोनः ०१–६६३०८१९, ०१–६६३०७३९ मा सम्पर्क गरेर स्पष्ट हुन सकिने छ।

नियन्त्रक